नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

## (नेपाल परिचय पुस्तक छपाई गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र)

सूचना प्रकाशित मितिः २०७६/०५/११

## दरभाउपत्र खरीद तथा दाखिला सम्बन्धी शर्तहरुः

१. यस विभागको आर्थिक प्रशासन शाखाबाट नगद रु. १०००।–तिरी दरभाउपत्र खरीद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्रको प्रत्यक पृष्ठमा दरभाउपत्रवालाले दस्तखत गरी फर्मको छाप लगाएको हुनुपर्नेछ ।

४. दरभाउपत्रकासाथ आयकर, मूल्यअभिबृद्धि कर, करचुक्ता प्रमाणपत्र तथा फर्म दर्ता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु संलग्न हुनुपर्नेछ ।

५. सिलबन्दी दरभाउपत्रको खाम बाहिर लाहाछाप संख्या उल्लेख गर्ने र प्रत्येक जोर्निमा आधिकारिक व्यक्तिले सहि गरेको हुनुपर्नेछ । साथै खामको बाहिर **नेपाल परिचय पुस्तक छपाई गर्ने सम्बन्धी दरभाउपत्र** उल्लेख गर्नुपर्नेछ ।

६. दरभाउपत्र दाखिला गर्ने कार्यालयको नाउँमा **नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग, सञ्चारग्राम, तिलगंगा** उल्लेख गर्नुपर्नेछ । साथै दरभाउपत्र दाखिला गर्ने व्यक्ति तथा फर्मको नाम ठेगाना पनि स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ ।

७. सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन वा सो दिन विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा दिनको १२ बजेभित्र दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता भएका दरभाउपत्र सोहि दिन दिनको २.०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिनेछ । दरभाउपत्रवाला वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि उक्त दिन र समयमा दरभाउपत्र खोल्न सकिनेछ ।

८. बोलकबोल गर्दा विनियोजित बजेट बचत हुन गएमा छपाइका लागि कबोल गरेको दररेटमा नै थप संख्या प्रकाशन गर्न सकिनेछ ।

९. म्याद नाघी आएका, बैंक भौचर संलग्न नभएका, आयकर दर्ता र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र संलग्न नभएका दरभाउ पत्र उपर कारवाही गरिने छैन ।

१०. दरभाउपत्रसाथ जमानत वापत सार्वजनिक खरिद नियमावलीको नियम ८४ (६) अनुसार हुन आउने रकम रु. ३६,५००./- (अक्षरुपी रु. छत्तिस हजार पाँचसयमात्र) को.ले.नि.का. काठमाडौंको नाउँमा नेपाल राष्ट्र बैंक थापाथलिमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कलै भौचर वा यस विभागको नाममा जारी गरेको न्यूनतम ७५ दिन म्याद रहेको बैंक जमानतको सक्कलै भौचर संलग्न राख्नु पर्नेछ ।

११. **नेपाल परिचय पुस्तक** विभागले तोकेको स्पेसिफकेशन अनुरुपकै आकार र गुणस्तर कायम हुने गरी मुद्रण गर्नुपर्नेछ ।

१२. छपाई गरिने पत्रिकाको आवरण (कभर पेज) र भित्री पृष्ठहरुको आकार तथा गुणस्तर स्पेसिफिकेसनमा उल्लेख भए अनुसार हुनेछ ।

१३. **नेपाल परिचय पुस्तक** मा राखिने विषयहरु यस विभागबाट उपलब्ध गराइए अनुसार हुनेछ । र, छपाइ गर्ने विषयवस्तु मुद्रकले प्राप्त गरेको १५ दिनभित्र छपाई गरी विभागमा बुझाइसक्नु पर्नेछ ।

१४. छपाईको प्रारम्भिक नमूना सूचना तथा प्रसारण विभागमा पेश गरी स्वीकृत भएपछि मात्र अन्तिम छपाई कार्य गर्नुपर्नेछ ।

१५. रीत नपुगेको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१६. दरभाउपत्र स्वीकृत गरी तोकिएको मितिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

१७. कुनै दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस विभागमा निहित रहनेछ ।

१८. यस सम्बन्धमा अन्य थप केही बुझ्नु पर्ने भएमा यस विभागमा सम्पर्क राख्न सकिनेछ ।

१९. उल्लेखित शर्तहरु बाहेक अन्य शर्तका हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।